## सुनकोशी गाउँपालिका

# स्थानीय राजपत्र

### सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ४, संख्या १**

**आषाढ ११ गते २०७७ साल**


# भाग १

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

## सुनकोशी गाउँपालिकाको कोरोना भाइरस (कोभिड–१९) को संक्रमणको उपचार, नियन्त्रण तथा व्यवस्थापनमा संलग्न जनशक्ति/कर्मचारीहरुको जोखिम भत्ता व्यवस्थापन स्थानीय कार्यविधि २०७७,

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७६/१२/०९ को निर्णय अनुसार जोखिम भत्ता उपलब्ध गराउन बान्छनीय भएकोले, संक्रमण रोग ऐन २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिका, सिन्धुलीले देहायको कार्यविधि जारी गरेको छ ।

गाउँसभाबाट स्विकृत मिति : २०७७/०३/१०

प्रमाणीकरण मिति : २०७७/०३/११

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "**सुनकोशी गाउँपालिकाको कोरोना भाइरस (कोभिड–१९) को संक्रमणको उपचार, नियन्त्रण तथा व्यवस्थापनमा संलग्न जनशक्ति/कर्मचारीको जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७७**" रहेको छ।

ख) यो कार्यविधि मिति २०७६/१२/०९ गते देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "उपचार" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्दछ।

ख) "कोभिड-१९" भन्नाले SARS–Cov-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्दछ।

ग) "प्रयोगशाला" भन्नाले पालिका भित्रका स्वास्थ्य संस्थामा भएका स्वास्थ्य प्रयोगशाला सम्झनु पर्दछ।

घ) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमणको उपचार, नियन्त्रण तथा व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्ति/कर्मचारीलाई यस कार्यविधि बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्दछ।

ङ) "जनशक्ति/कर्मचारी" भन्नाचले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा-३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति/कर्मचारी सम्झनु पर्छ

१. पालिका अन्तर्गतका सबै सरकारी स्वास्थ्य संस्थामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरु, प्रयोगशालाकर्मी र कार्यालय सहयोगीहरु ।

२. पालिका कार्यालयका प्रशासनिक, लेखा, स्वास्थ्य शाखा तथा अन्य देहाय बमोजिमका जनशक्ति/कर्मचारीहरु :

- प्रमुख प्रशासकीय अधिकृत : १ जना
- लेखा अधिकृत : १ जना
- स्वास्थ्य शाखा : ३ जना
- प्रशासन शाखा : १ जना
- कोभिड रिपोर्टिङ्ग फोकल पर्सन : १ जना
- जिन्सी शाखा : १ जना
- सवारी चालकहरु : ३ जना

- एम्बुलेन्स चालक : ६ जना
- कार्यालय सहयोगी : ५ जना
- सरसफाइमा संलग्न कर्मचारी/कार्यालय सहयोगी

३. सुरक्षाकर्मीहरु

**३. जोखिम भत्ता प्राप्त गर्न सक्ने :**

कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका निकायका देहाय बमोजिमका काममा खटिएका जनशक्ति/कर्मचारीहरुले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन :

क) देहाय बमोजिमका हेल्थ डेक्समा कार्यरत जनशक्ति :

१. स्थलगत नाकमा खडा गरिएका हेल्थ डेक्समा खटिएका ।

२. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यक ठानी विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेस्कमा खटिएका ।

ख) देहाय बमोजिमका क्वारेन्टाईनमा कार्यरत जनशक्ति :

१. नेपाल सरकारले विदेशबाट उद्धार गरी ल्याएका व्यक्तिहरुको हेरचाह तथा निगरानीका लागि स्थानीय तहबबाट खडा गरिएका क्वारेन्टाईनमा खटिएका ।

२. कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी तथा विदवेशी नागरिकलाई राख्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्तर्गतका मन्त्रालय, कार्यालय वा अन्य कुनै निकायबाट खडा गरिएका क्वारेन्टाईनमा खटिएका ।

३. कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका देश भित्र रहेका व्यक्तिलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा अन्तर्गका मन्त्रालय, कार्यालय वा अन्य कुनै निकायबाट खडा गरिएका क्वारेन्टाईनमा नै राख्नु पर्ने भनी सिफारिस गरिएका व्यक्तिहरुलाई राख्नका लागि खडा गरिएका क्वारेन्टाईनमा खटिएका ।

ग) देहाय बमोजिमका उपचारमा संलग्न जनशक्ति/कर्मचारीहरु :

१. स्वास्थ्य संस्थामा दैनिक आएका सेवाग्राहीहरुलाई विभिन्न सेवाहरु प्रदान गर्ने कार्यमा खटिएका सबै स्वास्थ्यकर्मीहरु/जनशक्ति,

२. संक्रमणको शंकास्पद व्यक्तिलाई आइसोलेसनमा राखेको अवस्थामा त्यस्तो आइसोलेसन बेड तथा वार्डमा खटिएका जनशक्ति,

३. संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति ।

घ) देहाय बमोजिमका प्रयोगशाला परिक्षणमा संलग्न जनशक्ति :

१. स्वास्थ्य संस्थामा दैनिक विभिन्न सेवा लिन आएने व्यक्रिको कुनै पनि प्रयोगशाला परिक्षणमा संलग्न जनशक्ति

२. कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिकवो नमुना संकलन, प्याकिंङ्ग र ढुवानीमा संकलन जनशक्ति ।

ङ) कोभिड-१९ को नियन्त्रण, रोकथाम तथा उपचार कार्यको प्रशासनिक तथा व्यवस्थापकीय कार्य र अनुगमन, मुल्याङ्कन कार्यमा संलग्न यस कार्यविधिको दफा २ को उपदफा ३ मा उल्लेख भएका यस गाउँपालिका कार्यालयका कर्मचारीहरु/जनशक्ति ।

च) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिहरु वा भारत तथा अन्य तेश्रो मुलुकबाट आएका व्यक्तिहरुलाई यस स्थानीय तहले व्यवस्था गरेका क्वारेन्टाइन स्थलमा सुरक्षार्थ खटिने सुरक्षाकर्मीहरु ।

छ) यस कार्यविधि बमोजिमको कार्यको अनुगमन, मुल्याङ्क तथा व्यवस्थापनमा संलग्न जनशक्ति ।

४. विवरण तथा कागजात संलग्न गर्नु पर्ने :

१. जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्ट्याई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी दफा ५ बमोजिमको निकाय समक्ष पेश गर्नुपर्नेछ :

क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी ।

ख) क्वारेन्टाइनको हकमा सम्भावित संक्रमित व्यक्ति क्वारेन्टाईनमाा बसेको विषय पुष्ट्याई गर्ने विवरण ।

ग) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका, आइसोलेसनमाा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका विरामीको विवरण ।

घ) प्रयोगशाला परीक्षणपमा संलग्न जनशक्रि/कर्मचारीको हकमाा नमुना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण,

५. रकम उपलब्ध गराउने :

कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्ति/कर्मचारीहरुलाई जोखिम भत्ता वापतको रकम यस स्थानीय तहले विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउनेछ ।

६. जोखिम भत्ता :

देहाएको जनशक्ति/कर्मचारीहरुलाई देहाय बमोजिम जोखिम भत्ता उपलब्ध गराईनेछ :

क) संक्रमणको शंका लागि अआइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति/कर्मचारी तथा संक्रमणको शंकास्पद तथा

पुष्टि भएका बिरामीको नमुना संकलन गर्ने जनशक्ति/कर्मचारीलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केल/खाईपाई आएको रकमको शत प्रतिशत

ख) कोभिड-१९ महामारी शुरु भई सके पछि नाकाहरुमा स्थापना गरिएका हेल्थ डेस्कमा खटिएका, क्वारेन्टाईनमा खटिएका स्वास्थ्यकर्मीहरु, प्रयोगशालाकर्मी वा कार्यालय सहयोगी, स्वास्थ्य शाखामा रही उपरोक्त समपूणर्व कार्यहरुको व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन कार्यमा संलग्न कर्मचारीहरु/जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचहत्तर प्रतिशत,

ग) यस पालिका अन्तर्गतका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईमा दैनिक रुपमा ओपिडी लगायत अन्य सेवाहरु प्रवाह गर्ने सबै स्वास्थ्यकर्मीहरु, प्रयोगशालाकर्मीहरु र कार्यालय सहयोगीहरु/सफाई कर्मचारीहरुलार्य नेपाल सरकारले तोकेको शुरु तलब स्केल/खाईपाई आएका तलब स्केलको पचास प्रतिशत,

घ) कोभिड-१९ महामारी व्यवस्थापन, नियन्त्रण रोकथाम तथा उपचार कार्यमा अप्रत्यक्ष रुपमा संलग्न हुने प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख, प्रशासन शाखाका तोकिएका कर्मचारी, कोभिड रिपोर्टिङ्ग फोकल पर्सन, जिन्सी शाखाका फोकल पर्सन, कार्यालय सहयोगी, सवारी चालक, लगायतका जनशक्ति/कर्मचारीहरुलार्य नेपाल सरकारले तोकेको शुरु तलब स्केल/खाईपाई आएका तलब स्केलको पचास प्रतिशत

ङ) यस पालिकाका विभिन्न वडाका नेकपाल रेडक्रस सोसाइटी मार्फत संचालित एम्बुलेन्स चालकहरुव र आत्मीय सामुदायिक अस्पताल, खाल्टेका एम्बुलेन्स चालकलाई प्रति व्यक्ति मासिक रु. ५०००।- पाँच हजार रुपैयाँ,

च) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिहरु वा भारत तथा अन्य तेश्रो मुलुकबाट आचएका व्यक्तिहरुलाई यस स्थानीय तहले व्यवस्था गरेका क्वारेन्टाइन स्थलमै सुरक्षार्थ खटिने सुरक्षाकर्मीहरुलार्य खटिएको हाजिरी आधारमा दिन गन्ति गरी प्रति दिन नेपाल सरकारले तोकेको प्रति दिन तलब स्केलको पचास प्रतिशत ।

७. जोखिम भत्ताको अवधि :

देहायका जनशक्तिलार्य देहायको अवधिदेखि लागू हुने गरी जोखिम भत्ता उपलब्ध गराईनेछ :

क) दफा ६ को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेखित जनशक्ति/कर्मचारीको हकमा मिति २०७६/१२/०९ गते देखि

ख) दफा ६ को खण्ड (ङ) मा उल्लेखित जनशक्तिको हकमा आत्मीय अस्पताल खाल्टेको एम्बुलेन्स चालकको हकमा मिति २०७६/१२/०९ गते देखि र अन्यको हकमा मिति २०७७/०३/०१ गते देखि

ग) यस कार्यविधिले व्यवस्था गरेको जोखिम भत्ता नेपालमा कोभिड-१९ नियन्त्रण भईसकेको वा जोखिम नरहेको भनी नेपाल सरकार वा स्थानीय सरकारले निर्णय गरेको मिति सम्म कायम रहनेछ ।

८. पालिकाले आवश्यक व्यवस्था गर्ने :

यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

आज्ञाले,<br>
विकास सुन्दास<br>
प्रमुख प्रशासकिय अधिकृत